# समिति गठन गर्दा पालना गर्नुपर्ने न्युनतम आचारसंहिताहरु

- लाभान्वित व्यक्तिहरुको आम भेलाबाट अधिकतम सहभागितामा ७ वा ९ वा ११ जनाको सदस्यीय हुनुपर्ने | तथापि, कोभिड (**१९ का कारण सूरक्षित रुपमा आम भेला गर्न नसकिने** अवस्था भएमा/देखिएमा टोल विकास समितिहरुलाई परिचालन गरि लाभान्वित समूहको बढी भन्दा बढी जनसहभागिता र प्रतिनिधित्व हुनेगरी उपभोक्ता समिति गठन गर्ने |
- **भेला हुने वा लाभान्वित समूह गठन हुने स्थान, मिति, समय र भेलाको** विषयमा सम्बन्धित आयोजना/योजना/कार्यक्रम वडा कार्यालयले ७ दिन अगाडि अनिवार्य रुपमा सूचना दिनुपर्ने र भेलामा योजना/आयोजना/कार्यक्रमको संक्षिप्त विवरण, उपभोक्ता समितिका काम, कर्तब्य तथा अधिकार, पुरा गर्नुपर्ने रीत एवं दायित्व र समितिको संरचना बारे जानकारी दिने,
- **समिति गठन समावेशी सिद्धान्तबाटः** ३३% महिला सहित लाभान्वित क्षेत्रमा बसोबास गर्ने सबै समुदायको प्रतिनिधित्व हुनेगरी उपभोक्ता समिति गठन गर्नुपर्ने |
- अध्यक्ष, कोषाध्यक्ष र सचिवमध्ये **१ जना महिला** अनिवार्य |
- **एक व्यक्ति एक** भन्दा बढी समितिमा सदस्य हुन नपाउने |
- **एकासगोलको परिवारवाट एकजना** भन्दा वढी सदस्य हुन पाईने छैन |
- समिति सकेसम्म सर्वसम्मत रुपमा वनाउनु पर्ने |
- सामुदायिक संस्था वा समुह (जस्तै सामुदायिक वन उपभोक्ता समिति, सहकारी संस्थाहरु, आमा समूह, कृषि समूह, विद्यालय व्यवस्थापन समिति, सामुदायिक संगठन आदि) कार्यक्रम/आयोजना सञ्चालन गर्न इच्छुक भएमा सोहि समूहबाट प्रचलित कानून प्रतिकूल नहुने गरि छुट्टै उपभोक्ता समिति गठन नगरी **प्रचलित कानून बमोजिम पुरा गर्नुपर्ने रीत एवं प्रक्रिया** पुरा गरेमा त्यस्ता संस्था/समूह मार्फत कार्यक्रम सञ्चालन गर्न बाधा परेको नमानिने) |

## समितिको सदस्यहरुको योग्यताः

- ✓ आयोजना/योजना कार्यान्वयन क्षेत्रको प्रत्यक्ष लाभान्वित व्यक्ति
- ✓ १८ वर्ष उमेर पुगेको/ नेपाली नागरिकताको परिचयपत्र प्राप्त व्यक्ति
- ✓ फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको
- ✓ सरकारी बाँकी बक्यौता तथा पेश्की फछ्यौट गर्न बाँकी नरहेको
- ✓ अन्य समितिको सदस्य नरहेको
- ✓ जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी सेवाको कर्मचारी:- निजामती/शिक्षक/प्रहरी/नेपाली सेना/ सार्वजनिक संस्थान/प्रदेश एवं स्थानीय तहको कर्मचारी..., योजना कार्यान्वयन हुने स्थान/क्षेत्र भन्दा बाहिरको व्यक्ति/निर्माण व्यवसायी लगाएत व्यक्तिहरु सदस्य बन्न पाईनेछैन |

***अन्य काम कारवाही धनगढी उप-महानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा ब्याबस्थापन सम्बन्धि कार्यविधि-२०७४ ले तोके बमोजिम हुनेछ |***